खैरहनी नगरपालिका

# एम्बुलेन्स संचालन तथा व्यवस्थापन संम्बन्धी कार्यविधी २०७८

खैरहनी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
खैरहनी, चितवन
बागमती प्रदेश, नेपाल

# एम्बुलेन्स संचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधी २०७८

**प्रस्तावना:**

नेपालको संविधान, स्थानीय सरकार संचालन ऐन, २०७४ र मन्त्री परिषदबाट स्वीकृत कार्य विस्तृतीकरणमा उल्लेखित स्थानीय तहले आम नागरिकलाई सर्वसुलभ र गुणस्तरिय स्वास्थ्य सेवा प्रदान गर्नु पर्ने जिम्मेवारी वहन गर्ने प्रयोजनका लागि सरकारी, निजि, सामुदायिक, गैरसरकारी वा सहकारी स्तरबाट संचालन हुने एम्बुलेन्स सेवालाइ सरल, सहज, व्यवस्थित तथा प्रभावकारी बनाई सेवामा नागरिकको पहुँच बढाई सेवाको गुणस्तर वृद्दि गर्न वाञ्छनीय भएकाले, यस खैरहनी नगरपालिकाले "खैरहनी नगरपालिकाको प्रशासकिय कार्यविधि(नियमित गर्ने) ऐन, २०७४" को दफा ४ ले दिएको अधिकार प्रयोग गरी देहायको कार्यविधी बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ:**

(१) यस कार्यविधिको नाम "एम्बुलेन्स सेवा सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७८" रहेको छ।

(२) यो कार्यविधि खैरहनी नगर कार्यपालिकाको स्विकृती पश्चात लागु हुनेछ।

२. **परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा:

(क) "नगर प्रमुख" भन्नाले खैरहनी नगरपालिकाको नगर प्रमुख सम्झनु पर्छ।

(ख) "नगर उप प्रमुख" भन्नाले खैरहनी नगरपालिकाको नगर उप प्रमुख सम्झनु पर्छ।

(ग) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले खैरहनी नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ।

(घ) "एम्बुलेन्स" भन्नाले बिरामी ओसार्ने स्वीकृति प्राप्त गरेको वाहन सम्झनु पर्छ र सो शब्दले एम्बुलेन्समा जडित उपकरण, चालक र परिचारिका समेतलाई जनाउँछ।

(ङ) "एम्बुलेन्स जनशक्ति" भन्नाले एम्बुलेन्समा उपस्थित रहने स्वास्थ्यकर्मी र चालक सम्झनु पर्छ।

(च) "चालक" भन्नाले एम्बुलेन्स चलाउने चालक सम्झनु पर्छ।

(छ) "अनुगमन समिति" भन्नाले दफा ३ बमोजिम समितिलाई सम्झनु पर्छ।

(ज) "संचालन तथा व्यंवस्थापन समिति" भन्नाले दफा ४ बमोजिम समितिलाई सम्झनु पर्छ।

(झ) "सेवा" भन्नाले एम्बुलेन्सले बिरामीलाई दिने सम्पूर्ण सेवा सम्झनु पर्छ।

(ञ) "नगरपालिका " भन्नाले खैरहनी नगरपालिका लाई सम्झनु पर्छ।

३. **एम्बुलेन्स सेवा अनुगमन समिति:** (१) नगरपालिका र अन्तर्गतका अस्पताल, स्वास्थ्य चौकी तथा निजी संस्था मार्फत संचालन गरिएको एम्बुलेन्स सेवाको गुणस्तर सुनिश्चितता गर्नका लागि नगरपालिका स्तरीय देहायका पदाधिकारीहरु रहने गरी एक एम्बुलेन्स सेवा अनुगमन समिति रहनेछ।

| | |
|---|---|
| (क) नगरपालिका उप प्रमुख | अध्यक्ष |
| (ख) प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| (ग) सामाजिक विकास समितिको संयोजक | सदस्य |
| (घ) एम्बुलेन्स सेवा संचालित सम्बन्धित वडाको वडा अध्यक्ष | सदस्य |
| (ङ) नगर प्रमुखद्वरा मनोनित महिला का.पा सदस्य | सदस्य |
| च) एम्बुलेन्स संचालन गर्ने सम्बन्धित स्वास्थ्य संस्था प्रमुख | सदस्य |
| छ) नगरपालिका विपद् व्यवस्थापन समिती संयोजक | सदस्य |
| ज) नगरपालिका स्तरीय संघ संस्थाका प्रतिनिधी | सदस्य |
| झ) नगरपालिका स्वास्थ्य शाखा प्रमुख | सदस्य सचिव |

प्रमुख
लालमणी चौधरी

(२) दफा (३) बमोजिम गठित एम्बुलेन्स सेवा अनुगमन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ,

(क) एम्बुलेन्स सेवा प्रभावकारी तवरले सञ्चालन गर्नका लागि आवश्यक नीति, मापदण्डको निर्माण गर्न सहयोग गर्ने ।

(ख) दफा ४ बमोजिम गठन हुने एम्बुलेन्स सेवा व्यवस्थापन तथा सञ्चालन समितिलाई आवश्यक निर्देशन दिने र सोही बमोजिम कार्य भए नभएको अनुगमन गर्ने ।

(ग) एम्बुलेन्स सेवा व्यवस्थापन तथा सञ्चालन समितिले प्रभावकारी एम्बुलेन्स सेवा प्रदान नगरेमा सो समितिका पदाधिकारी हेरफेर वा खारेज गरी पुनः गठन गर्ने ।

(घ) एम्बुलेन्स सेवा सञ्चालनका लागि आवश्यक पर्ने जनशक्ति व्यवस्थापनमा सहजिकरण गर्ने ।

(ङ) पालिका क्षेत्रभित्र निजी संघसंस्थाले सञ्चालन गरेका एम्बुलेन्स सेवाको समेत अनुगमन गर्ने ।

(च) एम्बुलेन्स सेवा शुल्क वापतको रकमको हिसाव किताव सम्बन्धी अनुगमन गर्ने ।

(छ) एम्बुलेन्स सेवाको भाडा निर्धारण गर्न सहजिकरण गर्ने ।

४. **एम्बुलेन्स सेवा व्यवस्थापन तथा सञ्चालन समिति:** (१) एम्बुलेन्स सेवालाई सरल, भरपर्दो र व्यवस्थित बनाई सञ्चालन गर्नका लागि तपसिल बमोजिमको एम्बुलेन्स सेवा व्यवस्थापन तथा सञ्चालन समिति गठन गर्नेछ ।

| | |
|---|---|
| क० एम्बुलेन्स सेवा संचालित सम्बन्धित वडाको वडा अध्यक्षः- | अध्यक्ष |
| ख० वडा अध्यक्ष ले तोकेको वडा सदस्य मध्य १ जना | सदस्य |
| ग० सामाजिक संघ संस्थाका प्रतिनिधी | सदस्य |
| घ० सामाजिक क्षेत्रमा संलग्न व्यक्ति | सदस्य |
| ङ० सम्बन्धित वडाको स्वास्थ्य संस्था प्रमुखः- | सदस्य सचिब |

दफा (४) बमोजिम गठित समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) एम्बुलेन्स सेवा पारदर्शी, सरल, भरपर्दो र व्यवस्थित रुपमा सञ्चालन गर्ने गराउने ।

(ख) जिल्ला एम्बुलेन्स व्यवस्थापन समिती, दफा ३ बमोजिमको समितीसगँको समन्वयमा एम्बुलेन्स सेवा शुल्क निर्धारण गर्ने।

(ग) नगरपालिका सँग प्रत्यक्ष रुपमा समन्वय र सहकार्य गरी एम्बुलेन्स सेवा सञ्चालन गर्ने गराउने ।

(घ) एम्बुलेन्स सेवा शुल्क वापत संकलित रकम समयमै बैंक दाखिला गर्ने गराउने ।

(ङ) सेवा शुल्क वापतको हिसाव किताव चुस्त दुरुस्त राख्ने राख्न लगाउने ।

(२) एम्बुलेन्स सेवा सञ्चालन तथा व्यवस्थापन समितिको सदस्य सचिवले सेवा प्रवाहको स्थितिको मासिक विवरण तयार गर्नुपर्नेछ । यसरी तयार गरेको मासिक विवरण एकीकृत गरी चौमासिक वा वार्षिक रुपमा नगरपालिका मा पेश गर्नुपर्नेछ ।

५. **चालकको नियुक्ति र सेवा सुविधाः** (१) एम्बुलेन्स सेवा गुणस्तर एवं प्रभावकारी ढंगले सञ्चालन गर्नका लागि आवश्यक पर्ने चालकको व्यवस्थापन नगरपालिकाले गर्नेछ र निजहरुको तलव भत्ता तोकिए बमोजिम हुनेछ ।

(२) एम्बुलेन्स चालक पदमा नियुक्ति भएका चालकले अनुसूची-१ बमोजिमको आचारसंहिता पालना नगरेमा एकपटकका लागि स्पष्टीकरण सोधिने छ तर आचारणमा सुधार नगरी बारम्वार आचारसंहिता उल्लङ्घन गरेमा निजसँगको सेवा करार अनुगमन समितिको निर्देशनमा एम्बुलेन्स सेवा सञ्चालन तथा व्यवस्थापन समितिले रद्द गर्नेछ ।

(३) एम्बुलेन्स चालकको विदा सम्बन्धी व्यवस्था नगरपालिकाले तोके बमोजिम हुनेछ ।

६. **सेवा शुल्क सम्बन्धी व्यवस्थाः** (क) दुरी र एम्बुलेन्सको वर्गका आधारमा एम्बुलेन्स सेवा शुल्क आवश्यकता बमोजिम संचालन तथा व्यवस्थापन समितिले हेरफेर तथा समायोजन गर्न सक्नेछ। तर यसरी सेवा शुल्क हेरफेर गर्नुपर्दा दफा ३ वमोजिम गठित समिति, जिल्ला एम्बुलेन्स व्यवस्थापन समिती समेतलाई आवश्यकता अनुसार सहभागी गराउनु पर्नेछ।

प्रमुख
लालमणी चौधरी

(ख) समितिले कम्तिमा दुई वर्षको अन्तरमा मात्र सेवा शुल्क पुनरावलोकन गर्न सक्नेछ ।

(ग) सेवा दिए वापत लिइने रकमको असूलीका लागि नगरपालिका ले नगदी रसिद छपाई उपलब्ध गराउनेछ । नगदी रसिदको अभिलेख तथा नियन्त्रण खाता नगरपालिकामा राखिनेछ ।

(घ) एम्बुलेन्स सेवा शुल्क वापत संकलन गरिएको रकम नगरपालिकाले तोकेको बैंकमा रहेको आम्दानी खातामा साप्ताहिक रुपमा दाखिला गर्नुपर्नेछ । सेवा दिए वापत लिइने सेवा शुल्क नगदी रसिद काटी तोकिएको बैंक खातामा दाखिला गर्ने जिम्मेवारी सम्बन्धित एम्बुलेन्स चालकको हुनेछ ।

(ङ) एम्बुलेन्स सेवा शुल्क वापत संकलन गरिएको रकम सामान्यतया चालकको तलव भत्ता, इन्धन, एम्बुलेन्सको मर्मत सम्भार र एम्बुलेन्समा राख्नु पर्ने अति आवश्यक पर्ने सामाग्रीको खरिदमा खर्च गर्नुपर्नेछ ।

(च) आकस्मिक अवस्थामा मर्मत सम्भार, ईन्धन भर्ने कार्य नगरपालिकाले तोकेको बाहेक स्थानमा गर्नु परेमा दफा ४ वमोजिमको समितिलाई जानकारी गराइ सम्पन्न गर्ने तथा विल भर्पाइ नगरपालिकामा पेश गरि आवश्यक भुक्तानी लिन सकिनेछ ।

७. **सेवाको कार्यक्षेत्र:** (क) नगरपालिकाले सर्वप्रथम नगरपालिका क्षेत्रभित्र स्थायी ठेगाना भएका वा बसोबास गर्ने जनताहरुको लागि एम्बुलेन्स सेवा प्राथमिकताका साथ प्रदान गर्नेछ ।

तर कुनै पनि विरामीहरुका लागि तोकिएको सेवा शुल्क लिई नेपाल भरि एम्बुलेन्स सेवा उपलब्ध गराउन सकिनेछ

(ख) खैरहनी प्रा.स्वा.के\नगर अस्पतालमा भर्ना भई उपचारमा रहेका विरामी मध्ये स्वास्थ्यमा सुधार नआएका तथा जटिल अवस्था आई भरतपुर सम्म प्रेषण गर्नु पर्दा तथा जटिल अवस्थाका सुत्केरी एवं शिघ्र शल्यक्रिया गराउनु पर्ने अवस्थाका विरामीलाई निशुल्क रुपमा एकोहोरो एम्बुलेन्स सेवा उपलब्ध गराउन सक्नेछ ।

८ **विविध:** (क) नगरपालिकाले कम्तिमा 'ख' वर्गको एम्बुलेन्स संचालन गर्नेछ । एम्बुलेन्समा रहने न्यूनतम सेवा सुविधा तथा औषधीको विवरण राष्ट्रीय एम्बुलेन्स कार्यविधि २०७८ बमोजिम हुनेछ ।

(ख) एम्बुलेन्समा सवार विरामी, विरामीका आफन्त तथा स्वास्थ्यकर्मीको बीमाको दायित्व नगरपालिकाको हुनेछ ।

(ग) यस कार्यविधिमा आवश्यकता अनुसार संशोधन र हेरफेर दफा ३ बमोजिम गठित समितिको सिफारिसमा कार्यपालिकाले गर्न सक्नेछ ।

९ **स्वत: अमान्य हुने :** यस निर्देशिकामा लेखिएका कुनै कुरा प्रचलित कानूनको कुनै व्यवस्थासंग बाझिएमा बाझिएको हदसम्म स्वत: अमान्य हुनेछ ।

प्रमुख
लालमणी चौधरी

## अनुसूची - १
### (दफा ५ को उपदफा (२) सँग सम्बन्धित)
### एम्बुलेन्स चालकले पालना गर्नुपर्ने आचारसंहिता

१. राष्ट्रिय एम्बुलेन्स कार्यविधि, २०७८ लाई पूर्ण रुपमा पालना गर्नुपर्नेछ ।
२. आफ्नो पेशागत भूमिका निर्वाह गर्ने क्रममा इमान्दारिता र विश्वासनियता कायम गर्दै आफ्नो पेशाको मानमर्यादामा खलल पुग्ने किसिमको कुनै पनि कार्य गर्न पाईनेछैन ।
३. धुम्रपान तथा मादक पदार्थ सेवन गरी एम्बुलेन्स चलाउन पाईनेछैन ।
४. विरामीको ओसारपसार तथा उपचार गर्ने क्रममा विरामी तथा विरामीको परिवारलाई सधै सम्मानपूर्वक व्यवहार गरी उच्चस्तरीय सेवा प्रदान गर्नुपर्नेछ ।
५. कुनै पनि विरामीलाई ओसारपसार गर्नु अघि निजको बारेमा पर्याप्त जानकारी लिई उपचारमा सहयोग गर्नुपर्नेछ ।
६. विरामीलाई बीच बाटोमा नछाडी गन्तव्यमा पु-याउनु पर्नेछ ।
७. सेवा दिए वापत संकलन गरिएको रकम तोकिएको बैंक खातामा समयमै दाखिला गर्नुपर्नेछ ।
८. एम्बुलेन्स सेवा उपलब्ध गराउँदा कहाँ, कुन ठाउँ गएको वा आएको सोको सम्पूर्ण विवरण लग बुकमा उल्लेख गर्नुपर्नेछ
९. लगबुक नियमित रुपमा तोकिएको पदाधिकारीबाट प्रमाणित तथा स्वीकृत गराउनु पर्नेछ ।
१०. सेवा शुल्क वापत संकलन गरिएको रकमको मासिक विवरण समितिलाई बुझाउनु पर्नेछ ।
११. नेपाल सरकारले प्रतिवन्ध लगाएका बस्तुहरु ओसारपसार गर्न पाईनेछैन
१२. नगरपालिका तथा समितिले दिएका निर्देशनको पूर्ण रुपमा पालना गर्नुपर्नेछ ।
१३. माथि उल्लेख हुन छुट भएका विषयका सम्बन्धमा प्रचलित कानून बमोजिम हुनेछ ।

म .......................................... वर्ष ........... जिल्ला .............. न.पा ........................ वडा नं ................. बस्ने ना.प्र.प.नं........................ सवारी चालक अनुमति नं. .................................. ले माथि उल्लिखित आचारसंहिता अध्ययन गरेको छु । खैरहनी नगरपालिका द्धारा सञ्चालित, एम्बुलेन्स सेवा व्यवस्थापन तथा सञ्चालन समिति, ................................................................. (संस्था । स्वास्थ्य संस्थाको नाम) को मातहत र प्रत्यक्ष निगरानीमा रही एम्बुलेन्स चलाउदा मैले यो आचारसंहिता पूर्ण रुपमा पालन गर्न सहमति जनाई हस्ताक्षर गरेको छु । साथै आचारसंहिता उल्लधन गरेमा प्रचलित नियम कानुन वमोजिम कार्यवाही सहुँला बुझाउँला।

**चालकको**
दस्तखत:
नाम, थर:
मिति:

**प्रमाणित गर्ने पदाधिकारीको**
दस्तखत:
नाम, थर:
मिति: